*DMC Research Journal*
*Vol.6.No.01(2024)*
*ISSN:2505-0648(P)*
*DOI: https://doi.org/10.3126/dmcrj.v6i01.73723*

# 'तिमी र म : अभिन्न सत्य' कवितामा देह र आत्माको सम्बन्ध

**सन्ध्या सापकोटा**

## शोधसार

*गोविन्दराज विनोदीद्वारा रचित 'तिमी र म : अभिन्न सत्य' कवितामा वेदान्त दर्शनअन्तर्गत देह र आत्माको सम्बन्धको अध्ययन प्रस्तुत अनुसन्धानात्मक लेखको अध्ययनीय क्षेत्र हो । पाठविश्लेषणविधि अवलम्बन गरिएको यस लेखमा पौरस्त्य दर्शनअन्तर्गतको वेदान्त दर्शनभित्रको देहात्मा उपस्थापनलाई सैद्धान्तिक आधार बनाइएको छ । ब्रह्मको इच्छाशक्ति माया उपाधियुक्त चैतन्य नै ईश्वर तथा अविद्या उपाधियुक्त चैतन्यलाई जीवात्मा मान्नु वेदान्त दर्शनको मूल मान्यता हो । विश्लेष्य कवितामा 'म' लाई पुरुष अर्थात् 'देह' र 'तिमी' लाई 'प्रकृति' अर्थात् 'आत्मा'का रूपमा उपस्थित गराई आत्माबिना जीवको अस्तित्व नरहने दर्शन प्रस्तुत भएको छ । यस कवितामा देहको सम्पूर्ण शक्ति नै आत्मामा रहने तथा आत्माले आफ्नो उपस्थिति जनाउन देहको आवश्यकता पर्ने हुँदा देह र आत्माको सम्बन्ध निर्विकल्प छ भन्ने निष्कर्ष वेदान्त दर्शनको सापेक्षतामा निकालिएको छ ।*

**शब्दकुञ्जी :** आत्मा, ईश्वर, जीव, ब्रह्म, वेदान्त दर्शन

## विषयपरिचय

गोविन्दराज विनोदी (२०१०) द्वारा रचित 'तिमी र म : अभिन्न सत्य' कविता *प्रज्ञा आधुनिक नेपाली कविता*मा सङ्कलित छ । लामो समयदेखि चितवनमा रहेर साहित्य सिर्जनामा लागिरहेका कवि विनोदीका एक दर्जन कविता तथा गजलका कृतिहरू प्रकाशित छन् । प्रकृतिका विविधतालाई समेटेर विशेष गरेर शास्त्रीय छन्दमा कलम चलाउन निपूर्ण कवि विनोदीका कवितामा जीवनका सामान्य पक्षलाई पनि दार्शनिक दृष्टिले मन्थन गरेर गम्भीर निष्कर्ष निकाल्ने सामर्थ्य पाइन्छ । उनका कवितामा समाजका यथार्थ र आध्यात्मिक दर्शनको संयोजन भएको पाउन सकिन्छ । पूर्वीय दर्शनका विषयवस्तुहरूलाई सामाजिक यथार्थमा ल्याएर वर्तमान समाजभित्रै घुलमिल गराउन सक्ने उनको संयोजनकलाले गर्दा पनि उनका कवितामा दार्शनिक छटा भरिएको पाइन्छ । यो उनको काव्यलेखनकोवैशिष्ट्य

हो । यस प्रकारको प्रवाहलाई जोड दिइएको प्रस्तुत कवितामा पूर्वीय दर्शनको देह र आत्मासम्बन्धी चिन्तनको प्रस्तुति भेट्न सकिन्छ । देहात्मावादी चिन्तनमा आधारित यस कवितालाई पूर्वीय दर्शनको ब्रह्म र जगत्, जीवात्मा र परमात्मा जस्ता विभिन्न दृष्टिको केन्द्रीयतामा समेत अध्ययन गर्नु उचित हुन्छ। यति हुँदाहुँदै पनि प्रस्तुत कवितामा देह र आत्माको सम्बन्धमा नै संसार अडेको छ भन्ने विशिष्ट दार्शनिक दृष्टि अभिव्यक्त भएको छ। त्यसैले प्रस्तुत अध्ययनमा पूर्वीय षड्दर्शनमध्ये वेदान्त दर्शनको देह र आत्मासम्बन्धी मान्यताको सीमाभित्र रही यस कवितामा देह र आत्माको सम्बन्धको अध्ययन गर्दै निष्कर्षमा पुगिएको छ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन साहित्यिक एवम् गुणात्मक अध्ययन भएकोले यसमा मूलतः पाठविश्लेषणमा आधारित भएर निष्कर्षमा पुगिएको छ । जसका लागि प्राथमिक र द्वितीयक दुवै सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। प्राथमिक सामग्रीका रूपमा गोविन्दराज विनोदीको 'तिमी र म : अभिन्न सत्य' कवितालाई लिइएको छ भने दर्शनशास्त्रीय अध्ययनअन्तर्गत पूर्वीय दर्शनसम्बन्धी लेखरचना र पुस्तकलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। वेदान्त दर्शनको स्थापित मान्यताको सापेक्षतामा अध्ययनको सैद्धान्तिक आधार तयार पारी प्रस्तुत अध्ययनलाई पाठपरक र विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्षमा पुऱ्याइएको छ।

## सैद्धान्तिक आधार

आफैँभित्र अन्तस्करणमा आफैँले हेरेर विश्वब्रह्माण्डको अस्तित्वको रहस्य बुझ्नु पूर्वीय दर्शनको मूल ध्येय हो। 'दृश्यति इति दर्शनम' अर्थात् 'जो देखिन्छ त्यो दर्शन हो'। वास्तवमा दर्शन भनेकै चेतनाका आँखाले देख्नु हो । भारतीय उपमहाद्वीपमा संस्कृत भाषामा विकसित पूर्वीय दर्शनको लामो चिन्तनपरम्परा छ। वेदलाई प्रमाण मान्ने पूर्वीय दर्शनलाई आस्तिक र नमान्ने दर्शनलाई नास्तिक दर्शन भनेर व्याख्या गरिएको पाइन्छ। आस्तिक दर्शनअन्तर्गत साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त पर्दछन्। यी ६ ओटा वैदिक दर्शनलाई षड्दर्शन पनि भनिन्छ। साथै वेदलाई प्रमाण नमान्ने बौद्ध, चार्वाक तथा जैन दर्शनलाई नास्तिक दर्शन भनेर व्याख्या गरेको पाइन्छ। पूर्वीय दर्शनले अत्यन्त महत्त्वका साथ व्याख्या गरेका विषयमा प्रकृति, सृष्टि, मोक्ष, ईश्वर, जीव, आत्मा, कर्म, जगत्, ब्रह्म,

माया, शरीर, मन, सुख, दुःख, पुनर्जन्म आदि हुन् (न्यौपाने, २०७२, पृ. २९) । पूर्वीय वैदिक षड्दर्शनका प्रतिपाध्य विषयहरूमा सृष्टि, जीव, पदार्थ, द्रव्य, अणु, परमाणु, ध्यान समाधि जस्ता यावत् कुराहरू पर्दछन् । जसलाई वेदान्त दर्शनभित्र अध्ययन गर्न सकिन्छ । वेदान्त दर्शनको मूल उपनिषद् हो (उपाध्याय, सन् १९९६, पृ. ३३६) । संसारको सृष्टिरचनादेखि प्रलयसम्म, सुखदुःख, जन्म-पुनर्जन्म आदि कुरामा यो दर्शनले तार्किक विमर्शहरू गरेको पाइन्छ। वेदान्त दर्शनका प्रवर्तक वादरणायणलाई मानिन्छ। उनको यस दर्शनसम्बन्धी मूलमन्त्रलाई 'ब्रह्मसूत्र' पनि भनिन्छ र यसमाथि विभिन्न समयमा विभिन्न आचार्यहरूले आआफ्नो भाष्य लेखेर मत प्रस्तुत गरेका छन् । वेदान्तको अर्थ विशिष्ट ज्ञान हो । यसमा जीव, आत्मा, परमात्मा, ईश्वर, मोक्ष आदिसम्बन्धी गम्भीर ज्ञान प्रतिपादित छन् । 'वेदान्ते परमं ग्रह्यं पुराकल्पे प्रचोदितम्' (श्वेताश्वतरोपनिषद्, ६/२२) भन्दै यस दर्शनले ज्ञानपकर मार्गलाई मोक्षप्राप्तिको साधन मानेको छ। ब्रह्म सत्य र जगत् मिथ्या हो भन्दै अविद्याको नाश भएपछि यो ज्ञानसँगै ब्रह्म प्राप्त हुने र त्यो ब्रह्म प्राप्ति नै मोक्ष हो भन्ने यो दर्शनको मूल अवधारणा हो (घिमिरे, २०७१, पृ. १) । यस दर्शनका अद्वैत, द्वैत, विशिष्ट द्वैत, द्वैताद्वैत आदि विभिन्न सम्पदाहरूमध्ये अद्वैत वेदान्त दर्शनले सर्वाधिक व्याप्ति प्राप्त गरेको छ र यसले ब्रह्म विवर्त (आभास) वादलाई स्विकार्छ । उपनिषद्, गीता र ब्रह्म सूत्रलाई वेदान्त दर्शनको प्रस्थानत्रयी मानिन्छ। यस दर्शनको मुख्य आधारस्तम्भ उपनिषद् भएको हुँदा उपनिषद्का मूल प्रतिपाद्य विषय नै यसका पनि प्रतिपाद्य विषय हुन् । *ऐतरियोपनिषद्*को 'प्रज्ञानं ब्रह्म' अर्थात् ब्रह्म ज्ञानस्वरूप हुन्छ', *वृहदारण्यकोपनिषद्*को 'अहं ब्रह्मास्मि' अर्थात् 'म (जीव) नै ब्रह्म हुँ', *माण्डूक्योपनिषद्*को 'अयमात्मा ब्रह्म' अर्थात् 'आत्मा नै ब्रह्म हो' र *छान्दोग्योपनिषद्*को 'तत्त्वमसि' अर्थात् 'तिमी (जीव) नै ब्रह्म हौ' भन्ने वेदका चार महावाक्यको व्याख्यामा आधारित दर्शन नै वेदान्त दर्शन हो (पन्त, २०७०, पृ. १) । यसरी हेर्दा ब्रह्म, जीव, माया, ईश्वर जगत् र मोक्ष छ ओटा मुख्य र प्रमाण, आत्मा, धर्म, पुनर्जन्म र दुःख अन्य प्रतिपाद्य विषय हुन् । यस अध्ययनमा वेदान्त दर्शनका प्रतिपाद्य विषयहरूमध्ये जीव र आत्माका बारेमा चर्चा गरिएको छ ।

पूर्वीय चिन्तन परम्परामा आत्मासम्बन्धी चिन्तन वैदिक कालदेखि नै हुँदै आएको पाइन्छ । शङ्कराचार्यले *मुण्डकोपनिषद्*को भाष्यमा जीव र ईश्वरको भेद अभिव्यक्त गरेका छन् । वृक्षमा बसेका दुई पक्षीमा सूक्ष्म शरीरधारी क्षेत्रले अज्ञानतावश सुखदुःखमय विचित्र स्वादयुक्त कर्मफलको उपभोग गर्छ, यो जीवात्मा हो, दोस्रो शुद्ध, स्वतन्त्र एवम् सर्वज्ञ छ, ऊ

कर्मफलको भोक्ता नभएर विषय एवम् भोक्ताका द्रष्टा मात्र हो, यो ईश्वर हो भनी जीवात्मा र परमात्मालाई चिनाइएको छ (शर्मा, सन् १९७२, पृ. १८०) । *छान्दोग्योपनिषद्*मा 'तत्त्वमसि' वाक्यमा तत्-त्यो, त्वम्-तिमी नै ईश्वर हौ भन्दै ईश्वरीय आत्मा र जीवात्मामा अभेद सम्बन्ध देखाइएको छ (६/८) । यसरी नै *बृहदारण्यकोपनिषद्*मा 'अहं ब्रह्मास्मि' महावाक्यमा जीवले म ब्रह्म हुँ भन्ने बोध गर्ने तत्त्व नै आत्मा हो भनिएको छ (१/४/१०) । *ऐतरेयोपनिषद्*मा प्रज्ञानं ब्रह्ममा जीवभित्र विद्यमान ज्योतिर्मय ब्रह्म तत्त्व नै आत्मा हो भनिएको छ (५/१) । गीतामा आत्मालाई अक्षर, अविनाशी, अप्रमेय, अणु, नित्य, शाश्वत जस्ता गुणले युक्त बताइएको छ । यसरी नै आत्मालाई अजन्म, सनातन, पुरातन, अव्यय तत्त्वका रूपमा चिनाइएको छ । शस्त्रअस्त्रले काट्न नसक्ने, आगाले डढाउन नसक्ने, पानीले भिजाउन नसक्ने, हावाले सुकाउन नसक्ने, सर्वव्यापी, अचल, स्थिर, अव्यक्त तत्त्वका रूपमा गीताले आत्मालाई स्वीकार गरेको छ (गीता, २, २०-२४, पृ. २०) । यसरी वेदान्त दर्शनले आत्मा चिन्तनमा जीवात्मालाई स्वीकार गरेको छ ।

देहमा आत्मको चिन्तन वा जीवात्माको सोच वास्तवमा अघिल्लो वैदिक कालको नभएर उपनिषद् कालकै थियो (भिक्षु, २०७७, पृ. १२४) । यसैले ऋग्वेदीय संहिताका देवताको स्थान अब मानव देहगत आत्मले लिन लागेको थियो । यहीँबाट आत्म चिन्तन प्रारम्भ भयो। जसमा व्यक्तिलाङ्ख भौतिक देहताबाट अभौतिक चेतनाको अस्तित्वलाई अर्थात दैहिक अदेहतालाई जान्न उसको अन्तर्मनले प्रोत्साहित गर्‍यो । यसरी आफूभित्रको दिव्य दैवी प्रकाशलाई चिन्नु नै आनन्द प्राप्त गर्नु हो र त्यसको प्रमुख स्रोत हामीभित्रै छ जसको नाम आत्म हो भनेर देहात्माको सम्बन्धको खोजी भएको पाइन्छ । त्यसैले प्राण, इन्द्रिय, अन्तःस्करण आदि भएको देहको अनेकताले गर्दा त्यो जीव भिन्नभिन्न देखिन्छ तर देह छुटेपछि त्यही आत्मा विशुद्ध चैतन्य ब्रह्ममा लीन हुन्छ (आचार्य, २०४५, पृ. ३१९) । अद्वैत वेदान्त दर्शनले ब्रह्म विवर्त (आभास)लाई स्विकार्छ जसअनुसार जीव आत्माको आभास मात्रा हो । शरीर, इन्द्रिय मन जस्ता आवरण जसलाई अविधा पनि भनिन्छ, जव त्यो अविधाले आत्मालाई छोप्छ त्यति बेला त्यस आत्मालाई जीव भनिन्छ। आत्मा सर्वत्र, सर्वव्यापक र समान छ। पानीको बिन्दुलाई त्यसभित्र घोलिएको नुनले जोरेजस्तै आत्मतत्त्वले समग्र ब्रह्माण्डलाई नै एक ठाउँमा जोडेर राख्छ त्यसैले हामी सबै एकाकार परब्रह्ममा जोडिएका छौँ । त्यसैले हामी सबै आत्म हौँ । 'तत् त्वम् असी' अभिन्न भएकैले गर्दा त्यो जो भिन्न देखिन्छ त्यो भिन्न होइन, त्यो भन्नु र तिमी भन्नुमा फरक केही छैन,

किनभने त्यो पनि आत्म हो र तिमी पनि आत्म हौ । आत्म सबै भौतिक पदार्थमा मिसिएको छ, यसले विभिन्न आकार र प्रकृति धारण गर्छ तर सर्वत्र, सर्वकालिक र समग्र जैविक गुणका रूपमा वा जीवशक्तिका रूपमा यो रहन्छ ।

उपर्युक्त सैद्धान्तिक मान्यताको सापेक्षतामा यस अध्ययनमा 'तिमी र म : अभिन्न सत्य' कविताको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## सामग्रीविश्लेषण

गोविन्दराज विनोदीका कवितामा जीवनजगत्का विभिन्न घटनाहरूलाई पूर्वीय दर्शनको गहिराइमा पुगेर व्याख्या गर्ने सामर्थ्य पाइन्छ । उनको 'तिमी र म : अभिन्न सत्य' शीर्षकको कवितामा पूर्वीय वेदान्त दर्शनको गहिरो प्रयोग भएको भेट्न सकिन्छ । जीवात्मासम्बद्ध दार्शनिक दृष्टिभन्दा बाहिर रहेर अध्ययन गर्दा कवितामा प्रयुक्त 'म' पात्रले 'तिमी' अर्थात् आफ्नी प्रेमिकासँगको प्रेम सम्बन्धको गहिराइमा विचरण गर्दै लेखिएको जस्तो देखिए पनि यस कवितामा पूर्वीय वेदान्त दर्शनका विभिन्न मान्यताहरूको सघन रूपमा प्रयोग भएको पाउन सकिन्छ । साङ्ख्य दर्शनको दृष्टिबाट अध्ययन गर्दा प्रस्तुत कविताको 'म' पुरुष पात्र र 'तिमी' पात्र प्रकृतिबिचको सम्बन्धमा नै यो सृष्टि चलेको छ भन्ने दार्शनिक आधारमा केन्द्रित रहेर पनि यस कवितामा दर्शनको गहिरो अध्ययन गर्न सकिने देखिन्छ तर यस अध्ययनको उद्देश्य यस कवितामा पूर्वीय वेदान्त दर्शनको जीवात्मासम्बन्धी चिन्तनका आधारमा देहात्माको सम्बन्धको निक्यौंल गर्ने रहेको हुँदा प्रस्तुत अध्ययनलाई देह र आत्मासम्बद्ध सैद्धान्तिक दार्शनिक दृष्टिको सापेक्षतामा केन्द्रित रही निष्कर्षमा पुऱ्याउने कार्य गरिएको छ ।

आत्मा सर्वत्र छ, सर्वव्यापक छ त्यसैले 'तिमी' 'आत्मा' र 'म' 'जीव' वा 'देह'का बिचमा जुन भिन्नता देखिन्छ त्यो भिन्न नभई 'आत्मा' अर्थात् 'तिमी' प्रत्येक भौतिक पदार्थमा मिसिएको छौ, तर 'म' 'जीव'मा जुन 'म' को भावना छ त्यो जहाँ मेटिन्छ, त्यहाँ आत्मा भेटिन्छ भन्ने दार्शनिक दृष्टि 'तिमी र म : अभिन्न सत्य' कवितामा प्रस्तुत भएको छ । शरीरको आयु निश्चित हुन्छ, स्थूल हुन्छ, शरीर नासिन्छ तर आत्मा अनन्त छ, यसको न वृद्धि हुन्छ न क्षति हुन्छ यो व्यापक र विभु छ भन्दै कविले यस कवितामा आत्मा तिमी एक र अनन्त छौ तर शरीररूपी आवरणले आवृत्त हुनाले अनेक र सङ्कुचित भान पर्न गएको हो भन्ने अवच्छेदवादको धारणा व्यक्त गरेका छन् । कविताका निम्नलिखित श्लोकहरूलाई

आधार मानेर यस सम्बन्धमा साक्ष्य प्रस्तुत गर्न सकिन्छ : साक्ष्य १ :

तिमी तार मेरी म तिम्रो सितार
तिमी हौ सरित् हुँ म तिम्रो किनार
तिमी फक्रँदी पद्‌मिनी, पोखरी म
तिमी इन्द्रिनी हौ र वर्षा-झरी म ।

प्रस्तुत श्लोकमा कविले तारबाट सितार बनेजस्तै अर्थात् तारबिना सितारको अस्तित्व नभएजस्तै 'तिमी' आत्माबाट नै मेरो अर्थात् देहको अस्तित्व बनेको कुरा स्विकारेका छन् । जसरी तारहरूको योगबाट नै सितार बन्छ र सङ्गीतको झङ्कार हुन्छ, त्यसरी आत्मा नभएपछि देहको काम लाग्दैन, त्यसैले आत्माले शरीर धारण गर्छ भन्ने भाव प्रस्तुत कविताांशमा व्यक्त छ । त्यस्तै 'तिमी अनन्त छौ, अविरल छौ सरित् जस्तै, तर म तिमीसँगै छु किनार भएर' जस्ता अभिव्यक्तिमा नदीबिना किनारको कुनै अस्तित्व नहुने भाव व्यक्त भएको छ । जसरी आत्मा सबै भौतिक पदार्थमा मिसिएको छ त्यसैगरी देह अर्थात् शरीर वर्षा-झरी भएर झर्दा 'तिमी' आत्मा अर्थात् इन्द्रेनी भएकी छौ जसले वर्षासँग मात्र आफ्नो उपस्थिति गराउँछ, त्यसैले तिम्रो र मेरो सम्बन्ध अभिन्न सत्य हो भन्ने दार्शनिक भाव यस कविताांशमा अभिव्यक्त भएको छ ।

साक्ष्य २ :

तिमी मिष्ट बास्ना, म हुँ पुष्प बेली
तिमी सूक्त हौ, वेदको हुँ म ठेली

प्रस्तुत साक्ष्यमा कविले मीठो बास्नासँग पुष्प बेलीको सम्बन्ध जसरी अविच्छिन्न हुन्छ, त्यस्तै मीठो बास्ना भएरै पुष्प बेलीको अस्तित्व रहन्छ र सूक्तहरूबाटै वेदको ठेली बनेको हुँदा त्योबिना वेदको अस्तित्व रहँदैन भन्ने कुरालाई सुन्दर उपमाहरूका माध्यमबाट व्यक्त गरेका छन् । जस्तै आत्मा एक र अनन्त छ, देहरूपी आवरणले गर्दा मात्र अनेक देखिएको हो । माटो र कुमाले दुवै अन्ततः उही हो । मायारूपी अविद्याले मात्र फरक देखिएको हो ।

गोविन्द विनोदीको सात श्लोकको 'तिमी म : अभिन्न सत्य' शीर्षकको यस कविताको प्रत्येक श्लोकले देहात्माको सम्बन्धलाई गहिराइमा पुगेर व्याख्या गरेको छ। ऋग्वेदीय संहितामा देवताका ठाउँमा जव मानव देहगत आत्माको चिन्तन अर्थात् आत्मचिन्तन सुरु भयो त्यसपछि भौतिक देहताबाट अभौतिक चेतनाको अस्तित्वलाई खोज्न थालियो ।' कविले यस कवितामा पनि आफूलाई 'म' पात्र वा देहका रूपमा प्रस्तुत गर्दै तिमी अर्थात् अभौतिक चेतनाको अस्तित्वलाई स्विकारेका छन्, जुन देहभित्रै अभिन्न रूपमा रहेको छ आनन्दमय स्वरूपमा। त्यो आनन्दको अखिल स्रोत आत्मा हो भन्ने भाव कविले व्यक्त गरेका छन्। यहाँ कविले देहमा अदेहलाई देख्ने अनि अदेहभित्र देहको भौतिक परिभाषा खोज्ने पूर्वीय दर्शनको चिन्तन प्रस्तुत गरेका छन्। कविताका यी श्लोकहरूलाई आधार मानेर यस सम्बन्धमा साक्ष्य प्रस्तुत गर्न सकिन्छ : साक्ष्य : ३

जहाँ चन्द्र छन् शीत-आभा त्यहाँ छ

तिमी छौ जहाँ बास मेरो त्यहाँ छ

तिमी रङ्ग हौ फूलको, हूँ म पत्र

म नित्यै तिमीमा तिमी छौ मभित्र

यहाँ कविले जहाँ चन्द्रमाको कान्ति हुन्छ, शीतको चमक पनि त्यही हुन्छ । त्यस्तै तिमी जहाँ छौ त्यहीँ म हुन्छु भन्दै आत्मा र शरीरको अभेद्य रूपको कुरा गरेका छन् । चन्द्रमाको आभाले शीतको अस्तित्व निर्मिति भएझैँ आत्माको उपस्थितिमा शरीर अर्थपूर्ण बन्दछ। आत्मा सृष्टिमा अनेक थरी रङ्ग भर्ने तत्त्व हो भने शरीर त्यही रङ्गको एउटा पत्र वा पाटो हो । फूल अर्थात् दृश्य वस्तुको प्राण बनेर आत्मा रहेको हुन्छ भन्ने भाव यहाँ पाइन्छ।

साक्ष्य : ४

तिमी हौ हरा सृष्टि सौन्दर्य पुञ्ज

म हुँ वृक्ष सातत्य उद्यान कुञ्ज

तिमी हौ तडित मेघको हुँ म माला

तिमी हौ सुधा, हुँ म आलम्ब प्याला

यस साक्ष्यमा कविले भौतिक देहभित्र अभौतिक चेतनाको अस्तित्वलाई स्विकारेका छन् । म उद्यान कुञ्जभित्र तिमी हरियो सृष्टिको सौन्दर्य पुञ्ज रहेको हुन्छ । जसरी रातो लाहासँग राख्दा फटिक रातै देखिन्छ, त्यसरी नै आत्मा पनि जस्तो शरीर ग्रहण गऱ्यो, त्यस्तै देखिएको मात्र हो । त्यसैले भौतिक देहभित्र अभौतिक चेतनाको अस्तित्व रहेको हुन्छ भन्ने वेदान्त दर्शनको मान्यतालाई कविले यहाँ व्यक्त गर्न खोजेका छन् ।

साक्ष्य : ५

म हुँ शब्द हौ अर्थ मेरी तिमी नै

म हुँ वाक्य, हौ भाव मेरी तिमी नै

म हुँ वीथिका, हौ तिमी छन्द मेरी

तिमी नै त हौ कल्पनानन्द मेरी

प्रस्तुत साक्ष्यका आधारमा हेर्दा यहाँ कविले शरीर अर्थात् म शब्द हुँ र त्यस शब्दको अर्थ तिमी हौ भन्दै शब्द र अर्थको जति निकटको सम्बन्ध हुन्छ त्यति नै अभिन्न सत्य हो तिम्रो र मेरो सम्बन्ध भन्ने भाव प्रस्तुत गरेका छन् । त्यस्तै भावबिनाको वाक्यको र आत्माबिनाको शरीरको कुनै अर्थ हुँदैन, जसरी माटोको भाँडाको आधारमा माटोको बारेमा जान्दछौँ, जसरी तामाको गाग्री देखेर तामा धातुका बारेमा जान्दछौँ, त्यसरी नै कुनै वस्तुका आधारमा हामी त्यसको कारणलाई जान्दछौँ, त्यस्तै कविले देहरूपी वाक्यको जुन आकृति छ त्यसको श्रेयतालाई नाघेर अनाकृतिको अर्थमा भावसँग वाक्यको सम्बन्धलाई दर्साउँदै यहाँ कार्य कारणको सम्बन्ध देखाउन खोजेको प्रतीत हुन्छ । त्यस्तै वीथिका र छन्दका बीचको सम्बन्धका बारेमा चर्चा गर्दै कविले वस्तुको विविधता देखिए पनि मूल सत्य भने एउटै हुन्छ भन्ने आशय प्रकट गरेको बुझिन्छ । प्रस्तुत अनुच्छेदको अन्तिमको 'तिमी नै त हौ कल्पनान्द मेरी' भन्ने पङ्क्तिले देहभित्र रहने आनन्दमय प्रकाशको स्रोत आत्मा नै हो भन्ने भाव व्यक्त गर्दै देहभित्रको दैविक प्रकाशलाई सङ्केत गरेको छ ।

अदेही शक्तिविशेष नै आत्मा हो । मान्छेभित्र जुन उज्यालो पक्ष छ त्यसको ज्ञान नै आत्म ज्ञान हो, चेतना हो, आनन्द हो । यो चेतनाको आनन्दको स्रोत हामी भित्रै आत्माका रूपमा रहेको छ त्यसैले देह र आत्माको सम्बन्धमा नै संसार टिकेको छ भन्ने भाव कविले यस कवितामा व्यक्त गरेका छन् ।    यस कुराको पुष्टिका लागि यो साक्ष्य यहाँ प्रस्तुत गरिएको छ ।

साक्ष्य : ६

तिमी निर्झरी हौ, म हुँ बुँद पानी

तिमी दृक् छटा हौ, म हुँ नेत्र नानी

तिमी नीलिमा, खालि आकाश हुँ म

तिमी ज्योति आलोक आभास हुँ म

यहाँ कविले तिमी निर्झरी हौ म हुँ बुँद पानी अर्थात् तिमी आत्मा अनन्त छौ, म त एउटा झरीभित्रको पानीको बुँद जस्तो मात्र हुँ भन्ने भावबाट आत्मा चैतन्य सत्ता भएको र देहमा रहेको आत्मा तत्वको विराट्ताबारे चर्चा गरेका छन् भन्ने बुजिन्छ । आत्मालाई तिमी नीलिमा हौ र म देह भनेको खालि आकाश हुँ भन्ने कविको भनाइले आत्माबिनाको शरीरको कुनै अस्तित्व छैन र शरीरलाई आत्माले चलाउने हुँदा आत्मा स्वयंमा पूर्ण छ भन्ने वेदान्त दर्शनको भाव यहाँ व्यक्त भएको पाइन्छ ।

साक्ष्य : ७ :

तिमी ढुक्ढकी श्वास प्रश्वास हुँ म

तिमी आत्म हौ देह-विश्वास हुँ म

युगौँदेखि हाम्रो छ सम्बन्ध-प्यार

यसैमा अडेको छ संसार-सार ।

यस पङ्क्तिमा आइपुग्दा कविमा गहिरो आत्म ज्ञान प्राप्त भई स्वआनन्दमा उनी रमाएको प्रतीत हुन्छ । वास्तवमा यो जगत्मा भएका वस्तुको भौतिक आकृति र प्रकार भिन्नभिन्न भए पनि सबैको आधार तत्व एउटै हुन्छ अर्थात् रूपगत विविधता देखिए पनि सारमा सबै एउटै हो । मान्छे पनि त्यही ब्रह्माण्डको अंश नै हो त्यसैले जुन ब्रह्म छ त्यो पूर्ण छ । तिमी ढुकढुकीमै मेरो श्वास-प्रश्वास अडेको छ, तिमी आत्म भएरै देह छ, यदि आत्म नभए यो देह क्षणमै जड बन्छ त्यसैले तिम्रो र मेरो सम्बन्ध भनेको युगौँदेखिको अनन्त छ । यहाँ कविले आत्मलाई ब्रह्मसँग जोडेर हेरेका छन् । उपनिषद्का ऋषि साण्डिल्यले भनेका छन् जसले ब्रह्ममा एकाकार आफूलाई बुझ्नेछ ऊ मृत्युपछि पनि त्यही ब्रह्ममय अखिल एकाकार संसारमा फर्कनेछ । उपनिषद्को केन्द्रीय सिद्धान्त मानिने यही सिद्धान्तका आधारमा कविले यहाँ आत्मतत्वले सम्पूर्ण ब्रह्माण्डलाई नै एक ठाउँमा जोडेर

राखेको हुँदा यो सम्पूर्ण संसार नै एकाकार परब्रह्ममा जोडिएको छ भन्ने वेदान्त दशनला आत्मसात् गरेको छप । तिमी आत्म हौ देह-विश्वास हुँ म अर्थात् तिमी सर्वत्र छौ, सर्वव्यापक छौ, म देह-विश्वास हुँ अर्थात् तिम्रै आभास मात्र हुँ, शरीर, इन्द्रिय, मन जस्ता आवरणले गर्दा मात्र तिमी र ममा भिन्न देखिएको छ । त्यो आवरण हटेपछि म पनि तिमी नै बन्छु अर्थात् जीव नै ब्रह्म हो भन्ने दर्शन यहाँ पाइन्छ ।

यस साक्ष्यका आधारमा 'तिमी र म : अभिन्न सत्य' कविताको विश्लेषण गर्दा कविले देह र आत्माको सम्बन्ध अभिन्न रहेको र यो संसारको सार त्यसैमा अडेको भाव व्यक्त गरेको बुझिन्छ । यहाँ जीव नै ब्रह्म हो भन्ने एकत्वको भावना देखिन्छ ।

## निष्कर्ष

'तिमी र म : अभिन्न सत्य' कवितामा कवि गोविन्दराज विनोदीको पूर्वीय दर्शनसम्बन्धी गहिरो चिन्तन पाइन्छ । वेदान्त दर्शनका प्रतिपाद्य विषयहरू देह र आत्मा, जीवात्मा र परमात्मा, ब्रह्म र जगत् जस्ता विभिन्न मान्यताहरूका आधारमा यस कविताको विश्लेषण गर्न सकिन्छ, जुन ब्रह्म छ त्यो पूर्ण छ, त्यसैले मभित्र पनि त्यो मिलेको हुँदा त्यसबाट मलाई भिन्न गर्दा पनि म पूर्ण नै हुन्छ भन्ने पृष्ठभूमिमा यो कविता अडेको छ । जीवनजगत् सबै ब्रह्म हो । जस्तै आगो देख्दा लप्का वा मुस्लो जे देखे पनि त्यो आगो नै हो । माया पनि ब्रह्मकै शक्ति हो । त्यसैले आत्मा सच्चिदानन्द र निर्मल छ तर देहरूपी आवरणको दोषले गर्दा दूषित प्रतीत हुन्छ । यहाँ कविले आत्मा र देहको यही अभिन्न सम्बन्धलाई दर्साउने क्रममा तार र सितार, इन्द्रेणी र झरी, शब्द र अर्थ, वाक्य र भाव, बास्ना र पुष्प, नीलिमा र आकाश, ढुकढुकी र श्वास-प्रश्वास आदि जस्ता अनगिन्ती सुन्दर उपमाहरू प्रस्तुत गर्दै तिमीभित्र म छु र मभित्र तिमी छौ, त्यसैले तिम्रो र मेरो सम्बन्ध एउटा अभिन्न सत्य हो भन्ने भाव व्यक्त गरेका छन् । अविद्याका कारण देह बन्धनमा फस्छ भनिएको छ, यहाँ ज्ञान प्राप्त भएर अविद्या हटेको र आफूभित्रै साक्षीस्वरूप रहेको आत्माको साक्षात्कार गरेको अवस्था देखिन्छ । देहमा आत्मा रहने र आत्माबिनाको देह अस्तित्वहीन हुने हुँदा यी दुईको सम्बन्धले नै सृष्टिले निरन्तरता पाइरहेको छ भन्ने भाव नै यस कविताको मूल दर्शन हो ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, शंकर (२०४५), 'वेदान्त सन्दर्भ', *सर्ववेदान्तसिद्धान्त सङ्ग्रह,* वाराणसी : महेश अनुसन्धान संस्थान ।

*ईशादि नौ उपनिषद्* (२०६८), गोरखपुर : गीता प्रेस ।

उपाध्याय, उमाशङ्कर, (सन्, १९९६), *उपनिषद्सत्सङ्ग्रह,* तेस्रो संस्क., दिल्ली : मोतीलाल पब्लिकेशन ।

एटम, नेत्र र गौतम, लक्ष्मणप्रसाद (सम्पा.२०७४), *प्रज्ञा प्रतिनिधि आधुनिक नेपाली कविता,* काठमाडौँ : ने. प्र. प्र. ।

गिरी, रामानन्द (२०५५), *जनक दर्शन,* (अनु. रामहरि तिमल्सिना), भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

*गीता,* (२०७१), एक्काइसौँ संस्क., गीताप्रेस : गोरखपुर ।

घिमिरे, उमेशप्रसाद (२०७१), *वेदान्त सिद्धान्त,* रामेछाप : नीतु घिमिरे ।

*छान्दोग्योपनिषद्,* (सन्, १९९७), सत्रौँ संस्क., गीताप्रेस : गोरखपुर ।

पन्त, जयराज (२०७०), 'भानुभक्तको रामायणमा वेदान्त दर्शन', *रजस्थल,* १७ (५७) ।

*बृहदारण्यकोपनिषद्,* (सन्, २००२), तेस्रो संस्क., गीताप्रेस : गोरखपुर ।

भिक्षु, विज्ञान (२०७७), *पूर्वीय दर्शन,* भाग-२, काठमाडौँ : साबला प्रकाशन ।

शर्मा, राममूर्ति, (सन्, १९६४), *शङ्कराचार्य उनके मायावाद तथा अन्य सिद्धान्तौंका आलोचनात्मक अध्ययन,* वाराणसी : साहित्य भण्डार ।

शर्मा, राममूर्ति, (सन्, १९७२), *अद्वैत वेदान्त,* दिल्ली : नेशनल पब्लिकेशन ।